**जानकी गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १६ प्रमाणिकरणः २०७६।०३।२५
प्रकाशन : २०७६।०४।१०

भाग-२

## जानकी गाउँपालिका

### योजना तथा कार्यक्रम सञ्चालन, कार्यान्वयन र फरफारक कार्यविधि,२०७६

**प्रस्तावना** :-

जानकी गाउँपालिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा मितव्यायी,कार्यकुशलता र प्रभावकारिता अभिबृद्धि गर्ने उद्देश्यले नेपाल सरकार संघीय,प्रदेश सरकार एवम् विकास साझेदारबाट यस गाउँपालिकालाई प्राप्त हुने सबै प्रकारका अनुदान,स्रोत साधन यस गाउँपालिकाको आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आयलाई गरिव ,महिला,सामजिक एवम आर्थिक रुपमा पछाडी परेका वर्ग, फरक क्षमता भएकासमुदाय एवम क्षेत्रको पहुच र स्वामित्व हुने गरि समन्वयात्मक परिचालन गरी पारदर्शी,जनमुखी,मितव्ययी,उत्तरदायी,समावेशी,समतामुलक र सहभागितामुलक ,विकासको माध्यमबाट गरिवी न्युनीकरण गर्दै दिगो विकासका लक्ष्य हासिल गर्ने अभिप्रायले जानकी गाउँपालिकाले स्थानिय संचालन ऐन, २०७४ को दफा ११ (ङ) (१) बमोजिम मिति २०७६.०३.१३ गतेको गाउँसभाको बैठकको निर्णय नं. ऐ. वमोजिम यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

परिच्छेद - १

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम “जानकी गाउँपालिका कार्यक्रम तथा योजना सञ्चालन, कार्यान्वयन र फरफारक कार्यविधि २०७६” रहने छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "आर्थिक प्रशासन नियमावली" भन्नाले स्थानीय तह आर्थिक प्रशासन नियमावली, २०६४ सम्झनु पर्छ ।

(ख) "आन्तरिक आय" भन्नाले जानकी गाउँपालिकाको आर्थिक ऐन, बमोजिम गाउँसभाबाट स्वीकृत दरबन्दी दरमा जानकी गाउँपालिकाले लगाइएको स्थानीय कर, शुल्क, सेवा शुल्क, दस्तुर, बिक्री, स्रोत उपयोग, निकासी कर र भाडा बापत उठाएको आम्दानी सम्झनु पर्छ ।

(ग) "आयोजना" भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको व्यवस्थित क्रियाकलापलाई सम्झनु पछ ।

(घ) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूह समेतलाई जनाउँछ ।

(ङ) "ऐन" भन्नाले 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' सम्झनु पर्छ ।

(च) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा बहुक्षेत्रगत आयोजनाहरूको संयोजित रूप सम्झनुपर्छ ।

(छ) "कार्यविधि" भन्नाले कार्यक्रम तथा योजना सञ्चालन, कार्यान्वयन र फरफारक कार्यविधि, २०७६ लाई सम्झनुपर्छ ।

ज) "गैरसरकारी संस्था" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना र संचालन भएका यस गाउँपालिकाको गाउँसभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई गाउँपालिकासँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ ।

(झ) "ठूला मेशिनरी तथा उपकरण" भन्नाले वातावरणलाई अत्याधिक ह्रास पुऱ्याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण (बुलडोजर, एक्साभेटर आदि) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनु पछ ।

(ञ) "गाउँ सभा" भन्नाले नेपालको संविधानको धारा २२३ को उपधारा १ वमोजिमको गाउँ सभालाई सम्झनुपर्छ ।

(ट) " गाउँपालिका" भन्नाले जानकी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ठ) "वित्तीय सामानिकरण " भन्नाले नेपाल सरकार,प्रदेश सरकार, विकास साझेदार वा अन्य निकायबाट ऐन, नियमावली, र यस कार्यविधिको परिधिभित्र रही यस गाउँपालिकाको विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी निर्धारित प्रक्रिया बमोजिम गाउँसभाबाट कार्यक्रम स्वीकृत गरी जवाफदेही ढंगले खर्च गर्न पाउने अनुदान सम्झनु पर्छ ।

(ढ) "ससर्त अनुदान" भन्नाले नेपाल सरकारले सर्त तोकिदिएको अनुदानलाई सम्झनु पर्नेछ ,

(ण) "विषयगत कार्यालय" भन्नाले नेपाल सरकारका विभिन्न विषयगत मन्त्रालय,संघिय अन्तर्गत निश्चित कार्यक्षेत्र भएका जिल्लास्तरीय कार्यालय र प्रदेश सरकार लगायतकालाई सम्झनु पर्छ ।

(त) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय बाहेकका नेपाल सरकारका विकास निर्माण एवम् सेवा सुविधाको प्रवाहसँग सम्बन्धित अन्य मन्त्रालयहरू सम्झनु पर्छ ।

(थ) "विकास साझेदार" भन्नाले नेपाल सरकारसँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवम् प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरू तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्छ ।

(द) "लक्षित समूह" भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग) एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय सम्झनु पर्छ ।

(ध) "लैङ्गिक लेखाजोखा (परीक्षण)" भन्नाले महिला र पुरूषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको लेखाजोखा र महिला पुरूषबीच समानता कायम गर्नका लागि तय गरिएको कार्यक्रम र बजेटको समेत विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्छ ।

(न) "स्रोत" भन्नाले जानकी गाउँपालिकालाई उपलब्ध हुने निःशर्त तथा सशर्त अनुदान, गाउँपालिकाको आन्तरिक आय, ऋण, सापटी, विकास साझेदारबाट प्राप्त कायक्रर्म बजेट लगायतका नगद, जिन्सी र प्राविधिक सहयोगलाई सम्झनु पर्छ र सो शब्दले गाउँपालिकाको हकमा वित्तिय सामान्यिकरण, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र विशेष कोषबाट प्राप्त हुने रकम समेतलाई जनाउँछ ।

(प) "वडा अध्यक्ष" भन्नाले स्थानीय तहको निर्बाचनबाट निर्बाचित वडाको अध्यक्षलाई सम्झनु पर्नेछ ।

(फ) "सचिव" भन्नाले ऐनको दफा ८४ बमोजिम स्थानीय तहको सचिव भै कामकाज गर्न नियुक्त कर्मचारी सम्झनु पर्छ ।

(ब) "सामाजिक परीक्षण" भन्नाले आर्थिक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (१) बमोजिम स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य सम्झनु पछ ।

(भ) "सार्वजनिक परीक्षण" भन्नाले आर्थिक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (२) बमोजिम स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाको लक्ष्य, उद्देश्य, बजेट (आम्दानी) तथा यसबाट प्राप्त नतिजा, उपलब्धी र खर्च आदिको बारेमा सरोकारबालाहरू बीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने कार्य सम्झनु पछ ।

(म) "सार्वजनिक सुनुवाई" भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र स्थानीय तहका पदाधिकारीहरू बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(य) "सामुदायिक संस्था" भन्नाले जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचीकृत भएका समुदायमा आधारित टोलबिकास संस्थालाई समेत जनाउने छ ।

(र) “योजना” भन्नाले समग्र विकास निर्माणसम्बन्धी तयार पारिएको आवधिक गाउँ विकास योजना, वार्षिक गाउँ विकास योजना, विषयगत गाउँ गुरूयोजना आदि सम्झनु पर्छ ।

(ल) “स्थानीय तह” भन्नाले जानकी गाउँपालिकालाई तथा सबै वडा कार्यालयहरुलाई समेत सम्झनुपर्दछ ।

व) “गाउँ सभा”भन्नाले जानकी गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ।

**३. कार्यविधिको उद्देश्य :**

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) जानकी गाउँपालिकाको सबै प्रकारका स्रोत र साधनलाई उद्देश्यमूलक, पारदर्शी, उत्तरदायी र जवाफदेहीपूर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुऱ्याउने,

(ख) जानकी गाउँपालिकाको स्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्ट गराउने,

(ग) आयोजना व्यवस्थापन, बजेट निकासा र खर्च प्रक्रियालाई सरलीकृत गर्दै आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने,

(घ) आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय कुशलता हासिल गर्न सघाउ पुऱ्याउन लेखा, लेखापरीक्षण र प्रतिवेदन प्रणालीलाई नियमित र व्यवस्थित गर्न,

(ङ) गाउँमा सुशासन कायम गर्न पारदर्शिता र उत्तरदायित्वसम्बन्धी व्यवस्थाको प्रवर्द्धन गर्ने,

च) गाउँपालिकाको संस्थागत क्षमता, आयोजना व्यवस्थापन, अन्तरनिकाय समन्वय र सेवा प्रवाहमा दक्षता अभिवृद्धि गर्ने,

(छ) सहभागितामूलक योजना प्रक्रिया अवलम्बन गर्दै योजनाबद्ध विकासका माध्यमबाट स्थानीय आवश्यकताको प्राथमिकीकरण, सञ्चालन एवम् मर्मत सम्भार गर्न स्थानीय जनतालाई प्रोत्साहन गर्ने,

(ज) समावेशी विकासको अवधारणा बमोजिम लक्षित समूह र क्षेत्रलाई मूलप्रवाहीकरण र सशक्तीकरण गरी समावेशी विकासलाई संस्थागत गर्ने,

(झ) सामाजिक परिचालनका माध्यमबाट अति विपन्न र विकासमा पहुँच नभएका परिवारलाई उनीहरूको क्षमता बढाउँदै विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

४. कार्यविधिको कार्यक्षेत्र :

जानकी गाउँपालिकालाई प्राप्त हुने वित्तीय सामान्यिकरण, सशर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान, समपुरक कोष र विशेष कोष वा गाउँपालिकाको आन्तरिक आय, विकास साझेदार, अन्य निकायबाट प्राप्त हुने सबै प्रकारका अनुदान,राजस्व बाँडफाँडबाट प्राप्त रकम, वित्तीय संस्थाहरूबाट प्राप्त ऋण लगायतका सबै प्रकारका स्रोतको परिचालन एवम् व्यवस्थापन गर्नु यस कार्यविधिको कार्यक्षेत्र हुनेछ । तर मन्त्रालय, विषयगत निकाय, विकास साझेदार, राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी

संस्था वा विकास समिति आदिसँग विशेष उद्देश्य हासिल गर्नको लागि सम्बन्धित निकायसँग भएको सम्झौता बमोजिम कार्यक्रम वा आयोजना तथा बजेट कार्यान्वयन गर्न गराउन यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन । त्यस्ता कार्यक्रम वा आयोजनाको हकमा योजना तर्जुमा, छनौट, सञ्चालन, व्यवस्थापन, अनुगमन, मूल्याङ्कन, प्रतिवेदन, कोष व्यवस्थापन, लेखापरीक्षण, उत्तरदायित्व, पारदर्शिता र वित्तीय सुशासन जोखिम न्यूनीकरण लगायतका सबै व्यवस्थाहरू यसै कार्यविधि बमोजिम हुनेछ ।

**परिच्छेद - २**

५. अनुदानका किसिम,आन्तरिक आय तथा रकम विनियोजन क्षेत्रहरू अनुदानका किसिम :
गाउँपालिकामा निम्न प्रकारका अनुदान उपलब्ध हुनेछन् :-
(१) वित्तिय सामान्यिकरण :
(क) नेपाल सरकारबाट यस गाउँपालिकामा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदान र स्थानीय कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च,
(ख) क्षमता विकास खर्च,
(ग) सामाजिक परिचालन खर्च,
घ) पूर्वाधार खर्च,
(ङ) गाउँसभावाट तोकिएका अन्य खर्च ।

(२) सशर्त अनुदान :
क) विषयगत शाखामा सरकारबाट खटिएका निजामति कर्मचारी तथा शिक्षकहरु र मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च ।

(ख) तोकिएका योजना तथा कार्यक्रम संचालन खर्च

(ग) तोकिएको अन्य खर्च।

(३) समपुरक अनुदान नेपाल सरकार तथा प्रदेश सरकारवाट पूर्वाधार विकास सम्वन्धी कुनै योजना कार्यन्वयन गर्न प्राप्त हुने अनुदान।

(४) विशेष अनुदान
नेपाल सरकार तथा प्रदेश सरकारबाट कुनै खास (शिक्षा ,स्वास्थ्य आदि )योजनाको लागि प्राप्त हुने अनुदान।
(५) समपुरक कोष :
(क) वित्तिय समानिकरणमा समपुरक कोषको रकम छुट्याएर सम्वन्धित संघिय तथा प्रदेश सरकार वा दातृ निकायवाट प्राप्त सहयोग तथा अनुदान र गाउँपालिका समेतको लागत सहभागितामा विकासका पुर्वाधार निर्माण सम्वन्धी स्वीकृत योजना तथा कार्यक्रम संचालन गर्न सकिनेछ।

(६) विशेष कोष :

(क) विशेष परिस्थितिमा अत्यावश्यक क्षेत्रमा आवश्यकता अनुसार यस कोषको रकम खर्च गरिनेछ ।

(ख) मर्मत संभार विशेष कोष :
गाउपालिका क्षेत्र भित्र निर्माण सडक,खानेपानी,सिंचाई र अन्य पूर्वाधार निर्माणको नियमित मर्मत गरी योजनाको दिगोपनको साथै निरन्तर संचालन प्रक्रियामा ल्याउन कूल आन्तरिक बजेटको न्युनतम ३% रकम गाउँसभाबाट विनियोजन गर्नु पर्दछ |

(५) कन्टेनजेन्सी सम्वन्धमा :
जानकी गाउँपालिकाबाट संचालन हुने योजना तथा कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नका लागी आवस्यक पर्ने प्राविधीक तथा अन्य उपकरण खरिद,रेखदेख,मर्मत सम्भार र लजिस्टिक सर्पोटका लागि गाउँपालिकाको कुल पुजिगत बजेटमा योजना संचालन पूर्व ३% रकम कट्टि गर्ने।

परिच्छेद - ३

६. आयोजना तथा कार्यक्रम सञ्चालन,व्यवस्थापन र कार्यान्वयन प्रक्रिया :

१. गाउँसभाबाट स्वीकृत कार्यक्रम वा आयोजनाहरु देहायको प्रक्रिया देहाय बमोजिम कार्यन्वयन हुनेछ ।

(क) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक प्रशासन नियमावली,२०६४ (छैटौ संशोधन) सार्वजनिक खरिद ऐन, २०६३ र खर्च गर्ने अख्तियारीमा उल्लिखित मार्गदर्शन तथा द्धिपक्षीय तथा वहुपक्षिय सम्झौताका शर्तहरुको पालना गर्नुपर्नेछ ।

(ख) सार्वजनिक खरिद ऐन, २०६३, आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद-५ बमोजिम वार्षिक खरिद योजना र वार्षिक कार्य सञ्चालन योजना गाउँसभाबाट निर्णय भए अनुसार हुनेछन ।

(ग) आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा सामाजिक परिचालनका पक्षलाई समेत विशेष ध्यान दिई सामाजिक परिचालक, विकास साझेदारहरू, विषयगत कार्यालयलाई संलग्न गराउने र यस्ता अभियानमा सामुदायिक संस्था तथा गैर सरकारी संस्थाहरूको समेत सहयोग लिन सकिनेछ ।

(घ) गाउँपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा प्रथम चौमासिक भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई सम्वन्धित वडा कार्यालयले जानकारी दिनुपर्नेछ ।

(ङ) वार्षिक कार्ययोजना तथा खरिद योजना अनुसार समयमै कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि आर्थिक वर्षको पहिलो चौमासिक भित्रै लागत अनुमान, डिजाईन तयार गरी विनियोजित बजेटको अधीनमा रही ठेक्कापट्टा मार्फत कार्य गराउनु पर्ने भएमा बोलपत्र सम्बन्धी सम्पूर्ण प्रक्रियाहरू पूरा गरिसक्नु पर्नेछ ।

(च) आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा पेश्की दिने कार्यलाई निरूत्साहित गरी कामको आधारमा भुक्तानी दिने प्रणाली अवलम्बन गर्दै पेश्की शून्य अभियानको शुरूआत गर्नुपर्नेछ । तर स्वीकृत खरिद योजना बमोजिम आयोजना सञ्चालनको लागि पेश्की दिन बाधा पर्ने छैन ।

(छ) आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४ र सामाजिक तथा वातावरणीय सुरक्षाको रूपरेखा, २०६५ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गरेर मात्र सञ्चालन गर्नु पर्नेछ ।

(ज) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा गैरसरकारी संस्थाबाट सञ्चालन, रेखदेख र मर्मत सम्भार गर्ने कार्यका लागि प्रोत्साहन गर्नुपर्नेछ । साथै विषयगत कार्यालय र सामुदायिक संस्थाबाट समेत कार्यक्रम वा आयोजना कार्यान्वयन गर्न प्राथमिकता दिनु पर्नछ ।

(झ) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले गाउँपालिकाबाट प्राप्त गर्ने रकम बैङ्क खाता खोली सञ्चालन गर्नु पर्नेछ ।

(ञ) आयोजनाको लागत अनुमान अनुसारका खरिद गर्नुपर्ने निर्माण सामग्रीहरू स्वीकृत खरिद योजना बमोजिम तोकिएको समय भित्रै उपभोक्ता समिति वा आयोजना कार्यान्वयन गर्ने निकाय आफैंले वा यस्ता निकायहरूको अनुरोधमा गाउँपालिकाले खरिद व्यवस्था गर्न सक्नेछ ।

(ट) प्रचलित कानून बमोजिम आयोजनाको हिसाव किताव राख्ने जिम्मेवारी कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायको हुनेछ । यस्तो हिसाव किताव राख्ने सम्वन्धमा सम्वन्धित वडाका वडाध्यक्ष र वडा सचिवले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नछ ।

(ठ) यस गाउँपालिकाबाट सञ्चालित आयोजनाको विवरण राख्ने, नगदी जिन्सीको लेखा दुरूस्त राख्ने, आन्तरिक लेखा परीक्षण गराउने, नियमित रूपमा भौतिक एवम् वित्तीय प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पठाउने जिम्मेवारी आर्थिक प्रशासन महाँशाखाको हुनेछ ।

(ड) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायले सम्झौता अनुसार निर्धारित समयमा कार्यक्रम वा आयोजना सम्पन्न गर्नुपर्नेछ ।

(ढ) जानीजानी वा लापरबाहीको कारणबाट तोकिएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समिति, संस्था, निकाय वा व्यक्ति आदिसँग गाउँपालिकाले सम्झौता भंग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्नेछ । हर्जना आयोजना रकमको म्याद नाघेको मितिका प्रतिदिन............ सम्म जरिवाना गरि प्रचलित कानुन वमोजिम असुल गरिनेछ।

(ण) गाउँपालिकाले ३(तिन) लाख रूपैयाँभन्दा माथिका आयोजनाको योजना खाता, सम्वन्धित आयोजना स्थलमा सूचनापाटी राख्नु पर्नेछ ।

(त) गाउँपालिकाबाट सञ्चालित सबै आयोजनाको आयोजनास्थलमै सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

(थ) गाउँपालिकामा संचालन भएका २ करोडभन्दा माथिका आयोजनाहरुको तेस्रो पक्ष ।(Third party ) वाट प्रभाव मूल्यांकन गरिनेछ।

(द) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए अनुमान भएका कार्यक्रम वा आयोजना उपभोक्ता समिति मार्फत् कार्यान्वयन गराउन प्राथमिकता दिनुपर्नेछ ।उपभोक्ता समितिमा जनसहभागिता वा नगद सहभागितामा आधारित आयोजना वा कार्यकम संचालन गर्दा कुनै उपभोक्ता वा लाभग्राही व्यक्ति लागत सहभागिता वा जनसहभागिता समावेश हुन अटेर गरी आयोजना कार्यन्वयनमा वाधा पुर्‍याएमा त्यस्ता व्यक्ति वा लाभग्राहिलाई सम्वन्धीत उपभोक्ता समितिले वडा समिति मार्फत लिखित रुपमा कारवाहीका लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ। यसरी प्राप्त सिफारिस उपर आवश्यक छानविन गरी त्यस्ता व्यक्ति वा लाभग्राहिलाई आवश्यकताअनुसार गाउँपालिकाले उपलव्ध गराउने विभिन्न सेवा सुविधा उपलव्ध गराउन सक्नेछैन ।

(ध) वडा स्तरीय योजना तथा कार्यक्रमहरु उपभोक्ता समिति वा ठेक्का मार्फत संचालन गर्दा सम्वन्धीत वडा बाटै संचालन तथा फरफारक गर्न सकिने तर यसरी संचालन तथा फरफारक गर्दा प्रचलित कानुन अख्तियारी वमोजिम गर्नुपर्दछ।

२. आयोजनाको लागत अनुमानसम्बन्धी व्यवस्थाः

(क)गाउँपालिकाले आयोजनाहरूको लागत अनुमान, नक्शा र डिजाईन गाउँपालिकाको प्राविधिक कर्मचारी वा सो कार्यमा तोकिएको परमर्शदाता वा सम्वन्धीत प्राविधिकबाट गर्नु गराउनु पर्नेछ ।

(ख) आयोजनाहरूको लागत अनुमान (डिजाइन, इष्टिमेट) तयार गर्दा जिल्ला दररेटको आधारमा निर्माण सामग्रीको विवरण समेत खुलाई सर्वसाधारणले वुझ्ने गरी नेपाली भाषामा तयार गर्नुपर्नेछ । तर प्राविधिक दृष्टिकोणले प्राविधिक शब्दावलीहरू नेपाली भाषामा अनुवाद गर्न सम्भव नभएमा विस्तृत लागत अनुमान अंग्रेजीमा तयार गरी लागत तेरिज (अब्स्ट्राक्ट अफ कस्ट) सर्वसाधारणले बुझ्ने गरी नेपाली भाषामा तयार गर्नुपर्नेछ ।

(ग) लागत अनुमान तयार गर्दा श्रममूलक तवरबाट काम हुनसक्ने कार्यलाई सोही बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ । प्राविधिक दृष्टिकोणबाट श्रममूलक तवरबाट काम हुन नसकी मेसिनरी उपकरणको प्रयोग गर्नुपर्ने भनी सम्बन्धित प्राविधिकबाट कारण सहितको सिफारिश प्राप्त भएमा सोही अनुसार स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ ।

(घ) आयोजनाहरुको लागत अनुमान (डिजाइन,इस्टिमेटं) तयार गर्दा स्वीकृत दररेटको आधारमा गर्नुपर्नेछ।
(ङ) लागत अनुमानको परीक्षण र स्वीकृति सार्वजानिक खरिद ऐन,२०६३ छैटौ सम्शोधनको नियामावली २०६४ बमोजिम गर्नुपर्नेछ ।

७. उपभोक्ता समिति सम्बन्धी व्यवस्था :
उपभोक्ता समितिको गठन, सञ्चालन, व्यवस्थापन एवम् कार्यक्रम कार्यान्वयन गर्दा देहाय वमोजिम गर्नुपर्नेछ

क) उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजनास्थलमा नै सात देखि एघार सदस्यीय उपभाक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिका सदस्यहरूले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा वढिमा १५ दिनभित्र गर्नुपर्नेछ।तोकिएको समयमा गठन गर्न नसके अन्य वैकल्पिक उपाय अवलम्वन गरी आयोजना संचालन गर्नुपर्नेछ।

ख) सम्वन्धित वडाको वडाध्यक्ष वा अन्य पदाधिकारी राजनीतिक दलको प्रतिनिधिको रूपमा स्थानीय तहको कुनै पनि पदमा आसिन व्यक्ति, बहालबाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरूजु फछ्र्यौट नगरेका व्यक्तिहरू, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् ।

ग) उपभोक्ता समितिका सदस्यहरूमा कम्तीमा ३३ प्रतिशत महिला हुनुपर्नेछ । समितिको अध्यक्ष, उपाध्यक्ष,सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा समावेशी हुनका साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरू सामान्यतया साक्षर हुनुपर्नेछ ।

घ) एउटै समयमा एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एकाघर सगोलका परिवारबाट एक जना भन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाइने छैन ।

ङ) उपभोक्ता समिति गठन गर्दा सम्वन्धित वडाको वडाध्यक्ष वा नीजले तोकेको पदाधिकारीको रोहबरमा गर्नुपर्नेछ । यसरी खटिने पदाधिकारीले उपभोक्ता समिति गठन गरे पछि सो सम्बन्धी प्रतिवेदन गाउँपालिका कार्यपालिकामा पेश गर्नुपर्नेछ । गाउँपालिकाको पदाधिकारी निजले तोकेको गाउँपालिकाको पदाधिकारी वा निजले तोकेको पदाधिकारीको रोहवरमा भएको अवस्थामा पनि मान्य हुनेछ।

च) प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको वा सिफारिश गरेको पाइएमा यसरी गठन वा सिफारिश गर्ने पदाधिकारीलाई कारवाही हुनेछ ।

छ) उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेको अवस्थामा तोकेको विधि अनुसार खटिएको पदाधिकारील` उपभोक्ता समिति गठन गरी सोको जानकारी जानकी गाउँपालिकामा गराउनु पर्नेछ ।

ज) गाउँपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा पन्ध्र दिन भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई जानकारी दिनुपर्नेछ । तोकिएको समयभित्र उपभोक्ता समिति गठन भई आउन नसकेमा सम्बन्धित स्थानीय तहले सहजीकरण गर्नेछ । उपभोक्ता समिति गठन हुन नसकेमा अन्य बैकल्पिक माध्यमबाट आयोजना सञ्चालन गन सकिनेछ ।

झ) गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनेछ । यसरी नगद सहभागिता तोकिएको अवस्थामा उपभोक्ता समितिको तर्फबाट व्यहोर्नु पर्ने सहभागिता बापतको रकम सम्बन्धित गाउँपालिकाको खातामा वडा र गाउँस्तरीय विकासका योजनाहरुमा ५ प्रतिशत नगद रलागत सहभागितामूलक योजनामा ग्रामिण क्षेत्रमाा १५ प्रतिशत र शहरी क्षेत्रमा ३० प्रतिशत नगद रकम जम्मा गरी भौचर पेश गरेपछि मात्र उपभोक्ता समितिसंग योजना सम्झौता गर्नुपर्नेछ । लागत सहभागिताको व्यवस्था नभएको कुनै पनि योजना उपभोक्ता समिति मार्फत संचालन गर्न पाइने छैन ।

ञ) यस बमोजिम कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएका भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनाहरूमा र आ.व.को अन्त्यमा काम भैसकेको देखाई पछि काम गर्ने गरी कुनै पनि हालतमा उपभोक्ता समितिलाई रकम भुक्तानी दिन पाइने छैन । उपभोक्ता समितिले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिइनेछ ।

ट) तोकिएका काम भन्दा बढी गर्ने वा काम नै नगरी वा वास्तविक कामभन्दा बढी काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पूरा गरेको देखाई लागत अनुमानभन्दा बढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत कारवाही गरिनेछ ।

ठ) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार लगायत आयोजना लागत, निर्माण सामग्रीको परिमाण, आयोजनाको गुणस्तर, राख्नुपर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रक्रिया, पारदर्शिता, अनुगमनसम्बन्धी व्यवस्थाका बारेमा कार्यक्रम वा आयोजना सम्झौता हुनुपूर्व एक वा सोभन्दा बढी उपभोक्ता समितिहरूका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सामुहिक रूपमा अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

ड)उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखत र कुनै दईुजनाको दस्तखत बाट सञ्चालन हुनेछ । खाता संचालकहरूको तीनपुस्ते खुलाई आयोजना खाता र गाउँपालिकामा अभिलेख राख्नुपर्नेछ । उपभोक्ता समितिको गठन र यसको बैठकका निर्णयहरूको अभिलेख उपभोक्ता समितिको सचिबले राख्नुपर्नेछ ।

ढ) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक गर्नुको साथै सम्बन्धित उपभोक्ता र गाउँपालिकालाई जानकारी गराउनु पर्नेछ । सम्बन्धित निकायबाट कुनै पनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यान्वयन गर्ने निकाय वा संघ- संस्थाको आर्थिक कारोवारको बारेमा जाँचबुझ वा निरीक्षण गर्न सकिनेछ ।

ण) आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन सम्झौतामा तोकिए बमोजिमको समयमा सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।
त) स्थानीय तहले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समिति, सामुदायिक संस्था एवम् गैर सरकारी संघ संस्थाको अभिलेखीकरण गरी लगत व्यवस्थित गर्नुपर्नेछ ।

थ) उपभोक्ता समितिसँग सम्झौता गर्नु अगाडि गाउँपालिकाको शहरी विकास तथा योजना शाखा सम्बन्धी काम गर्ने कर्मचारीले प्रचलित कानून, कार्यविधि, निर्देशिका बमोजिम आवश्यक कागजात सहित उपभोक्ता समिति गठन भए नभएको बारे एकिन गरी आफ्नो स्पष्ट राय साथ सम्झौताका लागि निर्णय गर्ने अधिकारी समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नुपर्नेछ ।

द) जानकी गाउँपालिका र उपभोक्ता समिति वीचमा हुने सम्झौता पत्रमा आयोजनाको लागत, कार्य प्रारम्भ र सम्पन्न हुने अवधि, उपभोक्ता समितिले गर्ने योगदानको प्रकार र रकम, सम्बन्धित उपभोक्ताद्वारा सञ्चालन र मर्मत सम्भार गर्नुपर्ने विषय आदि उल्लेख गर्नुपर्नेछ ।

ध) उपभोक्ता समितिलाई सम्बन्धित जानकी गाउँपालिकाले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनुपर्नेछ ।

न) उपभोक्ता समितिले कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समितिको निर्णयको आधारमा गर्ने, आयोजनाको निर्माण कार्य सम्वन्धित जानकी गाउँपालिकाको तर्फबाट तोकिएको प्राविधिकले तयार गरेको लागत अनुमान तथा प्राविधिक सल्लाहको अधीनमा रही गर्ने र आयोजना कार्यान्वयन गर्दा स्थानीय स्रोत, साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी गर्नुपर्दछ ।

प) उपभोक्ता समितिले मासिक रूपमा बैठक बस्नुपर्ने, बैठकबाट भएको निर्णय सम्वन्धित जानकी गाउँपालिकालाई जानकारी गराउने, आयोजना सञ्चालन, सरक्षण र मर्मत सम्भार गर्ने, आफूले जिम्मा लिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसकेमा उपभोक्ता समितिको निर्णय सहित थप म्याद माग गर्ने, कार्यक्रम कार्यान्वयनसंग सम्वन्धित सम्पूर्ण खर्चहरूको बिल भरपाई सुरक्षित राख्ने, सम्बन्धित कामको प्रगति बिबरण जानकी गाउँपालिकालाई उपलब्ध गराउने, कामको फरफारक गराउनु अघि समीक्षाको लागि उपभोक्ता समितिको बैठक बोलाई बैठकमा राखी छलफल गराउने, यस्तो बैठकको उपस्थिति र निर्णयको प्रतिलिपि सम्वन्धित जानकी गाउँपालिकामा प्रस्तुत गर्ने आदि कार्य सम्पादन गर्नुपर्नेछ ।

फ) उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरू तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्वन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन जानकी गाउँपालिकामा प्रस्तुत गर्नुपर्दछ ।

ब) उपभोक्ता समिति मार्फत गरिएको निर्माण वा सञ्चालन गरेको कार्यक्रमको जानकारी स्थानीय जनताले माग गरेमा उपभोक्ता समितिले उपलब्ध गराउनुपर्नेछ । यसरी माग गरेको विवरण उपलब्ध नगराएको भनी सम्वन्धित उपभोक्ताले उपभोक्ता समिति भंग गर्न माग गरेमा सम्वन्धित जानकी गाउँपालिकाले सो विषयमा सत्य तथ्य बुझी उपभोक्ता समितिको पुनःगठन गर्न, समिति भंग गर्न वा अन्य माध्यमबाट कार्य सम्पन्न गर्न सक्नेछ । यसरी उपभोक्ता समिति भंग गर्दा वडाकार्यालयको सिफारिस अनिवार्य हुनेछ ।

भ) उपभोक्ता समिति मार्फत सञ्चालन हुने वा निर्माण हुने विकास निर्माण कार्यको स्थलगत अनुगमन गर्ने जिम्मेवारी सम्वन्धित जानकी गाउँपालिकाको हुनेछ। अनुगमन गर्ने क्रममा उपभोक्ता समितिले प्राप्त गरेको काम अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई कार्य गरेको पाईएमा त्यस्तो कामको भुक्तानी दिन गाउँपालिका बाध्य हुनेछैन ।

म) उपभोक्ता समितिले कामको लागि नियमानुसार लिएको पेश्की फछर्यौट गर्दा प्रथम किस्ताको प्राविधिक मूल्याङ्कन, सम्झौता अनुसारको नाप जाँच र मूल्य खुलेको रनिङ्गविल, उपभोक्ता समितिको बैठकको प्रतिलिपि समेत राखी सम्बन्धित गाउँपालिकामा निवेदन दिनुपर्नेछ । यस विवरणको आधारमा अघिल्लो किस्ताको पेश्की फछर्यौट गरी थप कामको मात्र अर्को किस्ता कायम गरी सोही वरावरको रकम उपलब्ध गराईनेछ । उपभोक्ता समिति स्वयम्ले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्नेछ । कामका आधारमा भुक्तानी प्रणाली लागु गरि पेश्की शुन्य सिद्धान्तलाई अवलम्वन गरिनेछ्।

य) उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरी सम्बन्धित स्थानीय तहका प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ । फरफारकका लागि उक्त सार्वजनिक परिक्षणको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ । अन्तिम भुक्तानी दिंदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितिको निर्णय तथा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको दस्तखत गराई सम्बन्धित फाईलमा वडा कार्यालयको सिफारिस सहित समावेश गर्नु पर्नेछ ।

र) उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित वडा कार्यालयले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ । यसरी आयोजनाको हस्तान्तरण भएमा जानकी गाउँपालिकाको सहमति लिई उपभोक्ता समितिले सेवा शुल्क लिन र सोको नियमित मर्मत सम्भार र सञ्चालनको व्यवस्था गर्न सक्नेछ । यसका लागि आवश्यकता अनुसार कार्यक्रम तथा आयोजना सञ्चालन कार्यविधि तयार गरी जानकी गाउँपालिकाबाट स्वीकृत गरी लागू गर्न सकिनेछ ।

ल) गाउँपालिका आफैले संचालन गरेको वा उपभोक्ता समिति, गैर सरकारी संस्था लगायत अन्य सामाजिक संघसंस्था मार्फत सञ्चालन गरिने तालिम, गोष्ठि, सेमिनार, अभिमुखीकरण कार्यक्रम, कार्यशालाजस्ता कार्यक्रमहरूको भुक्तानी गर्दा उक्त कार्यक्रम संचालन गर्ने विषयमा भएको निर्णय, कार्यक्रम संचालन भएको स्थान र कार्यक्रम अवधि, कार्यक्रमको उद्देश्य र अपेक्षित उपलब्धि, कार्यक्रमका सहभागीको उपस्थिति, कार्यक्रमको कार्यतालिका, कार्यक्रममा प्रस्तुत भएको कार्यपत्रको प्रतिलिपी, कार्यक्रम संचालन गर्दाको अवस्थाका तस्वीरहरू सहित आर्थिक प्रशासन नियम बमोजिमका अन्य बील भर्पाइ र कागजात संलग्न गरी कार्यसम्पन्न प्रतिवेदनका आधारमा गरिनेछ ।

व) उपभोक्ता समितिले आयोजनाहरू संचालन गर्दा तोकिए बमोजिमको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेबारी सम्बन्धित प्राविधिक कर्मचारी, अन्य कर्मचारी, उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समितिको हुनेछ ।

श) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई कार्यपालिकाको निर्णय बमोजिम वार्षिक रूपमा पुरस्कार प्रदान गर्न सकिनेछ ।

ष) अनुगमन तथा सहजीकरण समितिको सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ :

(१) उपभोक्ता समिति वा ठेक्कापट्टा जुनसुकै प्रक्रियाबाट कार्यक्रम वा आयोजना संचालन वा कार्यान्वयनमा अनुगमन एवम् सहजीकरण गर्न सम्बन्धित आयोजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवार मध्येबाट कम्तीमा दुई जना, वडाध्यक्ष वा निजले तोकेको पदाधिकारी समेत गरी तीन सदस्यीय अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ ।

(२) खण्ड (१) बमोजिमको समिति ठेक्कापट्टाबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा कार्यक्रम वा आयोजना प्रारम्भ हुनुभन्दा पहिले सो आयोजनामा खटिएका कर्मचारीले र उपभोक्ता समितिबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा सम्झौता हुनुपूर्व आयोजना अनुगमन तथा सहजीकरण समिति गठन गरिनेछ । कार्यक्रम वा आयोजनाको अन्तिम भुक्तानी एवम् फरफारक गर्नुपूर्व यस्तो समितिको सिफारिश आवश्यक पर्नेछ ।

(३) आयोजना संचालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने, सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परिक्षण गर्ने तथा गाउँपालिकासँग गरेको सम्झौता र प्रचलित कानून बमोजिम कार्यक्रम तथा आयोजना संचालन भएको नपाइएमा सम्बन्धित उपभोक्ता समितिका सदस्यहरूलाई र जानकी गाउँपालिकालाई सोको जानकारी गराउनु कार्यक्रम वा आयोजना अनुगमन तथा सहजीकरण समितिको कर्तव्य हुनेछ ।

(४) समितिले आयोजना सम्पन्न भएको सात दिनभित्र आयोजनाको अन्तिम भुक्तानी र फरफारकको निम्ति सिफारिश गर्नु पर्नेछ । समितिले आफ्नो दायित्व र जिम्मेवारी निर्वाह नगरेको, भुक्तानी र फरफारकको लागि सिफारिश नगरेको कारणबाट प्रचलित कानून बमोजिम भए गरेका कार्यको भुक्तानी दिन, फरफारक गर्न लगायतका थप कार्यहरू अगाडि बढाउन बाधा परेको मानिने छैन ।

(५) जानकी गाउँपालिकाले कार्यक्रम वा आयोजना अनुगमन समितिको थप जिम्मेवारी र आचार संहिता निर्धारण गर्न सक्नेछ । यस्तो व्यवस्था आयोजना सम्झौता फाराममा उल्लेख गर्नुपर्नेछ ।

(६) आयोजना सुपरिवेक्षण र अनुगमन समितिले आयोजना निर्माण सम्बन्धमा भएको प्रगति विवरण उपभोक्ता समिति र सम्वन्धित गाउँपालिकालाई उपलब्ध गराउने, आयोजना सञ्चालनबाट स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, सेवामा वृद्धि गराउनु पर्ने अवस्था आदिको सुपरिवेक्षण गरी सुझाव सहितको सिफारिस सम्वन्धित उपभोक्ता समिति र जानकी गाउँपालिकामा पेश गर्ने तथा उपभोक्ता समितिले जानकी गाउँपालिकासँग गरेको सम्झौता र प्रचलित कानुन बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन भएको नपाइएमा सोको जानकारी सम्बन्धित गाउँपालिकामा गराउने दायित्व र जिम्मेवारी निर्वाह गर्नुपर्नेछ ।

(७) योजना अनुगमन,जाँच पास तथा फरफराक समिति
कार्यपालिकाले तोके बमोजिमको समितिले योजना अनुगमन,जाँच पास तथा फरफारक समितिको काम गर्नेछ।
१) अनुगमन तथा सुपरीवेक्षणः
स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १६ उपदफा (४) को ख(५) वमोजिम योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय वमोजिमको समिति रहनेछ। समितिले योजना अनुगमन तथा जाँचपास समितिको काम समेत गर्नेछ।

२) गाउँस्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिः
क) उपाध्यक्ष– संयोजक
ख) प्रमुख प्रशासकिय अधिकृत–सदस्य
ग) कार्यपालिका एक महिला सहित सदस्य २ जना– सदस्य
घ) प्राविधिक शाखा प्रमुख वा ईन्जिनियर–सदस्य
ङ) सम्वन्धीत वडा अध्यक्ष–सदस्य
च) योजना शाखा प्रमुख–सदस्य सचिव
नोटः कार्यक्रम तर्फको अनुगमन गर्दा सम्वन्धीत शाखा प्रमुखलाई सहभागी गराउनुपर्ने छ।अनुगमन तथा सुपरीवेक्षण आवस्यकताअनुसार नागरिक समाज,गाउँसभा सदस्य,संचारकर्मी आमन्त्रण गर्न सक्नेछ।
३) स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १६ उपदफा ग (४) वमोजिम वडा स्तरिय अनुगमन तथा सुपरीवेक्षण समिति देहायवमोजिम अनुसार रहेको छ।
क) सम्वन्धीत वडा अध्यक्ष–संयोजक
ख) कार्यपालिकाको सदस्य वा वडा सदस्य एक महिला सहित २ जना–सदस्य
ग) सव ईन्जिनियर–सदस्य
घ) वडा सचिव–सदस्य सचिव

८. सार्वजनिक निजी सामुदावमक सहकारी (पिपिसिसि) :

क) सार्बजनिक निजि सामुदायिक सहकारीका लागि देहाय बमोजिमका कुराहरु अनिवार्य पालना गर्नुपर्नेछ

(१) गाउँपालिकाले सञ्चालन गर्ने विकास निर्माण लगायत सेवा खरिद र सेवा प्रवाहका कार्य आर्थिक प्रशासन नियमावलीको नियम १५७ अनुसार सार्वजनिक निजी साझेदारी अन्तर्गत गराउन सक्नेछ ।

(२) निजीक्षेत्र आकर्षित हुनसक्ने सम्भावित क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूमा साझेदारीमा काम गर्न गाउँपालिकाले निजी क्षेत्रलाई आह्वान गर्नुपर्नेछ ।

(३) जानकी गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका गैर सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम वा आयोजनामा परिपूरकता कायम गर्नुका साथै यस्ता संस्थाहरूसँग साझेदारीमा कार्यक्रम वा आयोजनाहरू सञ्चालन एवम् कार्यान्वयन गर्न सक्नेछ ।

ख) ठेक्कापट्टासम्बन्धी व्यवस्था :
उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रूपमा कठिन प्रकृतिका आयोजनाहरूको गाउँपालिकाले प्रचलित कानूनको प्रक्रिया पुर्‍याई ठेक्कापट्टाद्धारा काम गराउनु पर्नेछ ।

ग) सडक निर्माणसम्बन्धी विशेष व्यवस्था :

(१) पूर्वाधार विकासबाट अधिकतम लाभ लिनका लागि सडक सुविधा पुग्ने क्षेत्रमा तत्काल रोजगारी र आय आर्जनमा बढावा दिनसक्ने कृषि (कृषि, पशुविकास र मत्स्य विकास) तथा गैर कृषि (लघुउद्योग, उद्यम, व्यवसाय) सम्बन्धी आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरू उक्त क्षेत्रमा नै संकेन्द्रित (कन्सन्ट्रेट) गरी एक क्षेत्रले अर्को क्षेत्रको विकासमा परिपूरकता कायम हुने गरी सञ्चालन गर्नुपर्नेछ ।

(२) गाउँपालिकाले नयाँ ट्र्याक खोल्न अत्यावश्यक देखिएमा गुरूयोजनाको प्राथमिकतामा परेको सडकमा मात्र नयाँ ट्र्याक ् खोल्न सकिनेछ र नयाँ ट्र्याक खोल्दा यातायात सेवा ् सञ्चालन भएको सडक खण्डलाई जोड्ने प्रवेश विन्दुदेखि मात्र क्रमशः निर्माण कार्य गर्नुपर्नेछ ।

(३) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफु लगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरूको नक्सांकन एवम् अद्यावधिक विवरण (रोड इन्भेन्ट्री) तयार गरी राख्नेछ ।

(४) सम्बन्धित निकायको स्वीकृति वेगर वातावरणमा प्रत्यक्ष रूपमा असर पुऱ्याउने खालका आयोजनाहरू तथा जानकी गाउँपालिकाको स्वीकृति वेगर स्थानीयस्तरका सडक निर्माणसम्बन्धी भौतिक पूर्वाधारका आयोजनाहरू सञ्चालन गर्न पाइने छैन । वातावरणमा प्रत्यक्ष असर पर्ने आयोजनाहरुको प्रारम्भिक वातावरणि परिक्षण (EIA),गरी संचालन गर्नुपर्नेछ।

(५) सडक निर्माणसम्बन्धी कार्य सञ्चालन गर्नुपूर्व सडकको क्षेत्राधिकार (राइट अफ वे) कायम गर्न लगत कट्टा गर्ने प्रक्रिया शुरू गरेको हुनु पर्नेछ । साथै सडकको दुबैतर्फ हरियाली कायम राख्न बृक्षारोपण समेत गर्नुपर्नेछ । सडकको मापदण्ड न्युनतम ८ मिटर हुनुपर्नेछ ।

९. आयोजना मर्मत संभार तथा हस्तान्तरण सम्बन्धी व्यवस्था :

(१) एक करोड रूपैयाँभन्दा माथि लागत भएका आयोजनाको हकमा आयोजनाको लागत अनुमान तर्जुमा गर्दाकै समयमा मर्मत सम्भारका लागि रकम छुट्याउनु पर्नेछ । सोभन्दा कम लागतका स्थानीय पूर्वाधारसम्बन्धी आयोजनाको हकमा आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५४ को खण्ड (ग) बमोजिमको मर्मत सभार विशेष कोषमा आवश्यक बजेट विनियोजन गरी उक्त कोषबाट मर्मत सम्भारको व्यवस्था मिलाउनु पर्नेछ । पूर्वाधार योजनाको प्रत्येक आ.व. नयाँ योजना भुक्तानी गर्दा प्रतियोजनाको ०.०२५% मर्मत सम्भार कोषमा योगदान रकम कट्टा गरी कोष व्यवस्था गर्न सकिनेछ।

(२) आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरूको नियमित रेखदेख र मर्मत संभार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामूदायिक संस्था वा गैरसरकारी संस्थालाई दीगा गरी सञ्चालन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) हस्तान्तरित आयोजनाको नियमित सञ्चालन र मर्मत संभारका लागि उपभोक्ता समिति, गैर सरकारी संस्था वा समुदायिक संस्थाले सम्बन्धित गाउँपालिकाबाट स्वीकृति लिई आवश्यक सेवा शुल्क तोकी आफ्नो कोष खडा गर्न सक्नेछन् ।

(४) उपदफा (३) बमोजिमको कोषबाट कोषको वार्षिक आम्दानीको दश प्रतिशत वा पचास हजारमध्ये जुन कम हुन्छ त्यति रके म प्रशासनिक कार्यमा खर्च गर्न सकिनेछ । बाँकी रकम सम्बन्धित आयोजनाको मर्मत संभार र स्तरोन्नतिका लागि खर्च गर्नुपर्नेछ ।

(५) नियमित रूपमा मर्मत संभार नगर्ने आयोजनामा स्थानीय तहबाट थप लगानी हुने छैन ।

१०. जनसहभागिता एवम् लागत सहभागिता :

(१) कार्यक्रम वा आयोजना तर्जुमा, सञ्चालन, अनुगमन तथा मूल्यांकन लगायत आयोजनाका प्रत्येक चरणमा अत्यधिक मात्रामा सहभागिता जुटाउने प्रयत्न गर्नु टोलवासीहरुको कर्तव्य हुनेछ ।

(२) सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार र लक्षित समूहलाई विशेष सहुलियत दिन सकिने प्रावधान राख्न सकिनेछ । लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई आयोजनाको लाभबाट वञ्चित गराइनेछैन ।

११. कार्यक्रम वा आयोजना सञ्चालन सम्बन्धी कार्यतालिका :

जानकी गाउँपालिकाले कार्यक्रम वा आयोजना सञ्चालन गर्दा देहायको समयतालिका अनुसार गर्नुपर्ने छ :

१. चालू आर्थिक वर्षका वार्षिक कार्य तालिका (खरिद योजना सहित) निर्माण र स्वीकृती पहिलो चौमासिक भित्र ।

२. वार्षिक कार्यतालिका अनुसार उपभोक्ता समितिको गठन र संझौता, ठेक्का पट्टा वा अन्य प्रक्रियाबाट आयोजना कार्यान्वयन, व्यवस्थापन र कार्यारम्भ आदेश (वार्षिक कार्य योजना अनुसार कार्तिक मसान्तभित्र)

३. आयोजना सम्पन्न गर्ने अवधि (ज्येष्ठ मसान्तभित्र)

४. जाँचपास र फरफारक (आयोजना सम्पन्न भएको ३० दिनभित्र )

५. आगामी आर्थिक वर्षको कार्यक्रम र बजेट तर्जुमा गाउँसभाबाट पारित गर्ने ।

१२. कार्यक्रम कार्यान्वयन तथा सञ्चालनमा सहयोग गर्नुपर्ने :
जानकी गाउँपालिकाबाट आफ्नो क्षेत्रभित्र सञ्चालन तथा कार्यान्वयन हुने कार्यक्रम वा आयोजनामा सामुदायिक संस्था, नागरिक समाज, गैर सरकारी संस्था, एवम् सबै सरकारी एवम् गैर सरकारी संस्थाले आवश्यक सहयोग र सहजीकरण गर्नसक्नेछ ।

## परिच्छेद - ५

## अनुगमन एवम् मूल्याङ्कन

१३.सुपरिवेक्षण तथा अनुगमन समिति :
१) योजना अनुगमन,जाँचपास तथा फरफराक समितिले सुपरीवेक्षण तथा अनुगमन समितिको काम गर्ने छ।

(२) सुपरिवेक्षण तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार दहायबमोजिम हुनेछ । -

(क) आयोजनाको कार्यान्वनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउछ, कार्यतालिका अनुसार काम गर्न लगाउने ।

(ग) विभिन्न शाखा वा अन्य सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रम वा आयोजनाको समेत अनुगमन गर्ने ।
(घ) गैरसरकारी संस्थाबाट सञ्चालित आयोजना तथा कार्यक्रम प्रभावकारी अनुगमन गरी सोको चौमासिक र बार्षिक प्रतिवेदन प्रदेशको सम्बन्धीत मन्त्रालयमा पठाउने ।
(४) समितिले अनुगमनको क्रममा देखिएका विषयमा आवश्यक लेखाजोखा गरी आफ्नो सुझाव सहितको प्रतिवेदन चौमासिक रूपमा स्थानीय तहका अध्यक्ष समक्ष पेश गर्नेछ । यसरी प्राप्त प्रतिवेदनमाथि स्थानीय तहको बैठकमा छलफल गर्नुपर्नेछ ।

(५) गाउँपालिकाले आफ्ना कार्यक्रम वा आयोजनाहरूको सुपरिवेक्षण तथा अनुगमन कार्ययोजना/कार्यतालिका बनाई सोको आधारमा नियमित रूपमा सुपरीवेक्षण, अनुगमन एवम् समीक्षा गर्नुपर्नेछ ।
(६) समिति आफैले अनुगमन गर्न वा आवश्यकता अनुसार बढीमा पाँच सदस्यीय उप-समिति गठन गरी आयोजनाको सुपरीवेक्षण तथा अनुगमन गर्न वा अन्य कुनै पदाधिकारी वा कर्मचारीहरूलाई अनुगमनसम्बन्धी कार्यमा खटाउन सक्नेछ ।

(७) समितिले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम, सुत्केरी भत्ता वितरण, बाल संरक्षण अनुदान र व्यक्तिगत घटना दर्ता कार्यक्रम लगायत सामाजिक सुरक्षा सम्बन्धी समग्र कार्यक्रमको अनुगमन गर्नेछ ।

(८) अनुगमनसम्बन्धी अन्य व्यवस्था सम्बन्धित स्थानीय तहको कार्यपालिका बैठक वा गाउँसभाबाट तोकिए बमोजिम हुनेछ ।

(९) गाउँपालिकाको स्रोतको रकमको सदुपयोग भए नभएको सम्बन्धमा स्थानीय शासन तथा उत्तरदायी संयन्त्रले अनुगमन गर्न सक्नेछ ।

१४. अनुगमनसम्बन्धी थप व्यवस्था :
(१)गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित कार्यक्रम वा आयोजनाको अनुगमन, प्रगति प्रतिवेदन र त्यसको समीक्षा सहितको विवरण गाउँ सभामा छलफल गराई सोको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२)गाउँपालिका क्षेत्रभित्र सञ्चालित कार्यक्रम तथा बजेटको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा वातावरणीय पक्ष, लैङ्गिक तथा सामाजिक समावेशीकरणजस्ता विषयलाई पर्याप्त ध्यान दिए नदिएको बारेमा सुपरीवेक्षेण तथा अनुगमन गर्नुपर्नेछ । यसरी कार्यक्रम तथा बजेटको लैङ्गिक बजेट परीक्षण गर्दा "स्थानिय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक वजेट एवम् परीक्षण निर्देशिका, २०६८" बमोजिम गर्नुपर्नेछ ।

१५. आयोजना जाँचपास र फरफारकसम्बन्धी व्यवस्था :
(१)गाउँपालिकामा आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार आयोजनाको हकमा सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षणको प्रतिवेदन तथा अन्य क्रियाकलापको हकमा सार्वजनिक परीक्षणको प्रतिवेदनको आधारमा तीस दिनभित्र आयोजनाको जाँचपास गर्नुपर्नेछ ।

(२) गाउँपालिकाका विषयगत कार्यालय, अन्य निकाय वा संघ संस्थाबाट सञ्चालित आयोजनाको सम्बन्धित तहबाट कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएपछि आवश्यक जाँचबुझ गरी ३० दिनभित्र जाँचपास गर्नुपर्नेछ ।
(३) आयोजना जाँचपास भएपछि फरफारक गरिदिनु पर्नेछ । फरफारक भएका आयोजनाहरूको गाउँसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

१६. मूल्यांकन तथा पुरस्कारसम्बन्धी व्यवस्था :
(१) यस कार्यविधिमा उल्लिखित प्रावधानहरूको पालना भए नभएको तथा तोकिएको समयभित्रै कार्यक्रम वा आयोजना सम्पन्न गरे नगरेको आधारमा कार्यसम्पादन मूल्यांकन समेतको आधारमा तोके बमोजिम जानकी गाउँपालिकाको योजना अनुगमन तथा जाँचपास समितिले मुल्याङ्न गर्नेछ ।
(२) योजना अनुगमन तथा जाँचपास समितिले मुल्याङन् ले तोकेको मापदण्ड बमोजिम आफनो् क्षत्रको विकासमा उत्कृष्ट योगदान पुर्‍याउने व्यक्ति, समाजसेवी, कर्मचारी, उपभोक्ता समिति, सामुदायिक संस्था, टोल विकास संस्था, गैर सरकारी संस्था, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, वन उपभोक्ता समिति, कृषि समितिका पदाधिकारी एवम् कर्मचारीहरूलाई पुरस्कृत गर्न सक्नेछ ।
(३) योजना सम्झौता सम्वन्धि व्यवस्था, कार्यान्वयन सम्वन्धि प्रक्रिया साविककै हुनेछन् र यस सम्वन्धि नेपाल सरकार वा प्रदेश सरकारले कुनै थप निर्णय गरे सोही बमोजिम हुनेछ ।

१७) विविध : यस कार्यबिधि स्वीकृत हुनुभन्दा अघि संचालन भएका योजनाहरुको फरफारक प्रचलित कानुन र यस कार्यबिधि अनुसार गरिने छ ।

| सि.नं. | कार्य विवरण | समय अवधि |
|---|---|---|
| १ | चालु आ.व.को वार्षिक कार्यतालिका खरिद योजना सहित निर्माण स्वीकृत | प्रथम चौमासिक |
| २ | आयोजनाको लागत अनुमान | प्रथम चौमासिक |
| ३ | उपभोक्ता समिति गठन,अभिमुखिकरण र सम्झौता | कार्तिक मसान्त भित्र |
| ४ | वोलपत्र,दरभाउ आह्वान | पौष मसान्त भित्र |
| ५ | आयोजना सम्पन्न गर्नुपर्ने अवधि | आ.व. को जेष्ठ मसान्त (चैत्र मसान्त कायम गर्न सकिने छ ) |
| ६ | आयोजना अनुगमन | वहुवर्षिय आयोजनाको हकमा सम्झौता अनुसार |
| ७ | आयोजनाको सार्वजानिक परिक्षण | सम्पन्न भएको १५ दिनभित्र |
| ८ | आयोजनाको मूल्यांकन,जाँच पास र फरफारक | सम्पन्न भएको १५ दिनभित्र |
| ९ | आयोजनाको मर्मत सम्भार | आवस्यकता अनुसार |
| १० | आयोजनाको मूल्यांकन समिक्षा | निरन्तर |
| ११ | आयोजना सम्पन्न गर्ने अवधि | तेस्रो चौमासिक |